एनसेलले ल्याएको लगानीले मोबाइल सेवामा फड्को

मध्यान्ह संवाददाता
काठमाडौं, १२ माघ

नेपालमा विदेशी लगानीकर्ताका रूपमा भित्रिएको एनसेलले विगत २० वर्षभन्दा बढी समयदेखि मोबाइल तथा इन्टरनेट सेवाको पहुँच पुऱ्याएको छ । देशको ठुलो करदाता कम्पनीका रूपमा रहेको एनसेलले वार्षिक रूपमा करिब १८ अर्ब रुपैयाँ सरकारी राजस्वसमेत भुक्तानी गर्दै आएको छ ।

लगानी रकम र प्रविधिमा एनसेलले मारेको फड्कोले नेपालीको दूरसञ्चार क्षेत्रलाई सहज र सुलभ बन्दै गएको छ । नेपालमा सफल विदेशी लगानीमा उद्योग संस्थापना र सञ्चालन हुन सक्छ भन्ने सन्देश एनसेलले विश्वभर सञ्चार गरेको छ । साबिकमा टेलिया सोनेरा, आजियाटाजस्ता विश्वका प्रतिष्ठित र विश्वसनीय दूरसञ्चार सेवा प्रदायकको विदेशी लगानी रहिसकेको एनसेलको सेवा निरन्तर सुचारु सञ्चालनले विदेशी लगानीकतालाई समेत नेपालमा लगानी गर्न प्रेरित र प्रोत्साहित गरिरहेको छ । स्थापना कालदेखि एनसेलमार्फत दूरसञ्चार क्षेत्रमा गरेको लगानी र भित्र्याएको प्रविधिले नेपालीको दूरसञ्चारलाई तीव्र विकासमा सहयोग पुऱ्याइरहेको छ । नेपालको दूरसञ्चारका लागि गुणस्तरीय दूरसञ्चार सेवामा अब्बल कम्पनीका रूपमा अगाडि बढेको छ ।

एनसेलको राजस्वमा योगदान

एनसेल दूरसञ्चार सेवा प्रदायक र सर्वाधिक कर बुझाउने करदाता कम्पनीको हो । विगत २१ वर्षदेखि सर्वसुलभ दूरसञ्चार सेवा उपलब्ध गराउँदै आएको छ । स्थापनाकालदेखि एनसेलले देशको राजस्वमा ३ खर्ब ६० अर्ब रुपैयाँभन्दा बढीको योगदान गरेको जनाएको छ । यस्तै, सामाजिक उत्तरदायित्वका समेत २ अर्ब रुपैयाँभन्दा खर्च गरेको छ । २० वर्षअघि नेपालमा सिमकार्ड प्राप्त गर्न जुन किसिमको लामो प्रक्रिया र झन्झटिलो अवस्थालाई सहज बनाएर प्रतिस्पर्धा आएको कम्पनीका रूपमा परिचित कम्पनी बनेको हो । दूरसञ्चार पूर्वाधारमा गरिएको निरन्तर लगानीको माध्यमले कनेक्टिभिटीमा भएको सुधारका अतिरिक्त व्यापक डिजिटल अर्थतन्त्र र सेवाको गुणस्तर सुधारमा एनसेलको अब्बल योगदान देखिन्छ ।

एनसेलले २५ वर्षपछि पनि नेपालमै थप लगानी र प्रविधि भित्र्याएर नवीकरण गर्ने र नेपालीलाई आइपिओ दिएर दूरसञ्चार क्षेत्रमा थप विस्तार गर्ने रणनीतिमा देखिन्छ । कम्पनीले लाइसेन्स पुनः पाउने भएमा कम्पनीले निश्चिन्त भएर फाइभजीलगायतका नयाँ प्रविधिमा लगानी गर्ने जनाएको छ । प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा १ लाखभन्दा बढी नेपालीलाई रोजगारी सिर्जना गरेको एनसेलले प्रविधि तथा ज्ञानको हस्तान्तरणका लागि एनसेलको निरन्तरता अत्यावश्यक देखिन्छ ।

नगद कारोबारको सीमा बढाउन निजी क्षेत्रको माग

काठमाडौं/मस- यही माघ १ गतेदेखि नगद कारोबारको सीमा ५ लाख तोकिएपछि यसले व्यावसायिक क्रियाकलापमा समस्या सिर्जना गरेको निजी क्षेत्रले जनाएको छ। अन्तर्राष्ट्रिय भन्सार दिवसका अवसरमा सोमबार आयोजित कार्यक्रममा निजी क्षेत्रका छाता संस्थाहरूले नगद कारोबारको सीमा बढाउनुपर्ने माग गरेका हुन् ।

अर्थमन्त्री रामेश्वरप्रसाद खनालसमेत उपस्थित रहेको कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल र नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवालले ५ लाखभन्दा माथिको कारोबार बैंकिङ प्रणालीबाट मात्रै गर्नुपर्ने व्यवस्थामा संशोधन आवश्यक रहेको बताए ।

महासंघका अध्यक्ष ढकालले बैंकिङ पहुँच र यसको प्रयोग देशका सबै स्थानमा पुग्न नसकेको अवस्थामा ५ लाखसम्म मात्रै नगद कारोबार गर्न पाउने व्यवस्थाले व्यवसायीहरूलाई समस्या सिर्जना गरेको उल्लेख गरे । यस्तो सीमा तोकिनुका पछाडि नेपाल सम्पत्ति शुद्धीकरणसम्बन्धी विषयमा 'ग्रे लिस्ट'मा रहेकाले सरकार र केन्द्रीय बैंकमाथि अन्तर्राष्ट्रिय क्षेत्रबाट दबाब परेको हुन सक्ने उनको भनाइ थियो।

अध्यक्ष ढकालले लगानी वातावरण सहज बनाउने तथा निजी क्षेत्र प्रवर्धन गर्ने आर्थिक नीतिमा संशोधन गर्न अहिले सही समय रहेको धारणा व्यक्त गरे । भन्सार राजस्वलाई मात्र प्राथमिकता दिनेभन्दा मुलुकभित्रका उद्योग-व्यवसाय तथा उद्यमशीलता प्रर्वधन गर्ने नीतिमा सरकार अघि बढ्नुपर्ने उननको जोड थियो । साथै होटल तथा पर्यटन क्षेत्रले अन्य उद्योगसरह राज्यबाट पाउने सुविधा प्राप्त गर्न नसकेको उल्लेख गरे ।

त्यसैगरी, नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवालले भन्सार प्रशासन राष्ट्रिय अर्थतन्त्र र व्यापार सहजीकरणका लागि अत्यन्त महत्वपूर्ण क्षेत्र भएको बताउँदै आर्थिक सुशासन कायम गर्न सक्नुपर्ने आवश्यकता औंल्याए। उनले विद्यमान भन्सार ऐनमा रहेका दण्ड-जरिमानासम्बन्धी व्यवस्था कठोर र अव्यावहारिक रहेको आरोप लगाए ।

अग्रवालले मूल्य अभिवृद्धि कर (भ्याट)मा बहुदर कायम गरिनुपर्ने आवश्यकता औंल्याउँदै नेपाललाई वैवाहिक कार्यक्रमका लागि उत्कृष्ट गन्तव्य (वेडिङ डेस्टिनेसन)का रूपमा विकास गर्न त्यस्ता कार्यक्रमका लागि नेपाल आउने सामग्रीमा भन्सार सहजीकरण हुनुपर्ने बताए । साथै ५ लाखभन्दा बढीको कारोबार बैंकिङ प्रणालीबाट मात्रै गर्नुपर्ने व्यवस्थाले व्यवसायीलाई समस्या सिर्जना गरेको उनको भनाइ थियो।

पियोर इनर्जीद्वारा विद्यार्थीलाई शैक्षिक सामग्री प्रदान

काठमाडौं/मस- पियोर इनर्जी लिमिटेडले विद्यार्थीलाई शैक्षिक सामग्री प्रदान गरेको छ। कम्पनीले बाँकेका तीनवटा विद्यालयमा अध्ययनरत ७ सय ९७ विद्यार्थीलाई शैक्षिक सामग्री प्रदान गरेको हो। कम्पनीले सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत शुक्रबार सरस्वती पूजाका अवसरमा शैक्षिक सामग्री हस्तान्तरण गरेको हो ।

कम्पनीले नेपाल राष्ट्रिय आधारभूत विद्यालय चमकदापुरका १ सय ८५, श्री पशुपति मावि घियागाउँका ३ सय २ र नेपाल राष्ट्रिय मावि पिडारीका ३ सय १० बालबालिकालाई शैक्षिक सामग्री वितरण गरेको हो । विद्यार्थीलाई स्कुल ब्याग, स्टेसनरी, पाठ्यपुस्तक र कर्नर लाइब्रेरी प्रदान गरिएको कम्पनीले जनाएको छ।

सामग्री वितरण कार्यक्रममा सो अवसरमा पियोर इनर्जीका प्रतिनिधि, विद्यालयका शिक्षक तथा अभिभावक र विद्यार्थीको सहभागिता रहेको थियो । पियोरले शैक्षिक सामग्री प्रदान गरेपछि विद्यार्थीले खुसी व्यक्त गरेका थिए । सौर्य ऊर्जा कम्पनीले बालबालिकाको शिक्षामार्फत समाजप्रतिको दायित्व वहन गरेको भन्दै प्रशंसा गरेका थिए ।

नेसनल लाइफद्वारा अभिकर्तालाई तालिम प्रदान

काठमाडौं/मस- नेसनल लाइफ इन्स्योरेन्स कम्पनीले अभिकर्तालाई तालिम प्रदान गरेको छ। कम्पनीले कोशी प्रदेशअन्तर्गतका विभिन्न शाखा कार्यालयमा आबद्ध अभिकर्ता समूहलाई एकदिने तालिम प्रदान गरेको हो ।

कम्पनीले प्रेरणा, प्रगति र पेसागत उत्कृष्टतालाई केन्द्रमा राखी सञ्चालन गर्दै आएको मासिक योजना 'मन्थन २०८२'अन्तर्गत तोकिएको बिमाशुल्क संकलन गरी छनोट भएका १ सय २० जना अभिकर्तालाई तालिम प्रदान गरेको हो ।

तालिम कार्यक्रममा अन्तर र्राष्ट्रिय प्रशिक्षक सैयद अल्फाज अहमदले बिमा क्षेत्रको प्रतिष्ठित उपाधि एमडिआरटी हासिल गर्ने लक्ष्य पूरा गर्न अपनाउनुपर्ने रणनीति विभिन्न उदाहरणसहित प्रस्तुत गर्दै प्रशिक्षण दिएका थिए । कार्यक्रममा एजेन्सी विभाग प्रमुख सुशील प्रताप राणाले अभिकर्ताहरूलाई पेसामा उत्कृष्टता हासिल गर्न कम्पनीले विभिन्न योजना तथा तालिममार्फत निरन्तर सहयोग गर्दै आएको जानकारी गराए ।

त्यसैगरी, कोशी प्रदेशअन्तर्गतका विभिन्न शाखामा उत्कृष्ट कार्य गर्दै शाखास्तरमा प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्न सफल अभिकर्ताहरूलाई पोलिसी सर्भिसिङ विभाग प्रमुख सुस्मिता राणाले मायाको चिनो प्रदान गरेकी थिइन् ।

'कमजोरी भए सुधार गर्न तयार छौं'

काठमाडौं/मस- नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.(नेफ्स्कुन)का अध्यक्ष चन्द्र ढकालले साकोस अभियानका कमी कमजोरी सुधारका लागि पहल गर्ने बताएका छन् ।

नेपाल सहकारी पत्रकार समाज (सिजेएन)को नवनिर्वाचित कार्यसमितिलाई बधाई तथा शुभकामना प्रदान कार्यक्रममा साकोस अध्यक्ष ढकालले साकोस अभियानमा देखिएका कमी कमजोरी सुधार गरेर स्वच्छ र पारदर्शी बनाउन सिजेएनले महत्वपूर्ण भूमिका खेल्न सक्ने उल्लेख गर्दै उनले आवश्यक परे सिजेएनलाई सञ्चालक समितिको बैठकमा समेत छलफलका लागि समय उपलब्ध गराउन तयार रहेको बताएका हुन् ।

यसैगरी नवनिर्वाचित कार्यसमितिलाई बधाई ज्ञापन गर्दै नेफ्स्कुनका सञ्चालक खेमराज सुवेदीले अहिले तरल अवस्थामा रहेको सहकारी क्षेत्रलाई मिडियाले प्रकाशन प्रसारण गर्ने समाचारले ठुलो प्रभाव पार्नसक्ने राख्ने धारणा राखे ।

यस्तै, नेफ्स्कुनकी सञ्चालक मन्दरा मिश्रले राज्यले जारी गरेका सहकारीसम्बन्धी ऐन कानुन एकआपसमा बाझिनुका साथै तिनमा केही विरोधाभाष समेत रहेकाले यस विषयमा पनि सञ्चारकर्मीहरूको कलम चल्नुपर्ने आवश्यकता औंल्याइन् ।

यस्तै, सिजेएनका नव खतिवडाले नयाँ कार्यसमिति सहकारी अभियानलाई बलियो बनाउन संस्थागत रूपमा लागिपर्ने बताए। नेफ्स्कुनका प्राचार्य बल्लभ तिमल्सिनाले सञ्चालन गरेको कार्यक्रममा संघका सञ्चालकद्वय नवराज अर्याल र सीता ढकाल पौडेलको समेत उपस्थिति रहेको थियो । कार्यक्रममा सिजेएनका पूर्वअध्यक्षद्वय डिल्ली सापकोटा र खिला दाहालका साथै नवनिर्वाचित कार्यसमितिका सचिव माधव खड्का, सहसचिव हिरा बस्नेत, कोषाध्यक्ष प्रविन राउत र सदस्य ईश्वर ढुंगेलको उपस्थिति रहेको थियो ।

परोहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लौकाहा, रौतहट
मधेश प्रदेश, नेपाल

आर्थिक प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/१०/१३

यस परोहा नगरपालिकाको कार्यालयबाट जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८२/०९/१७ गते प्रकाशित तथा मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८२/०८/२८ गते प्रकाशित क्रमशः तपसिलका ठेक्काहरुको मूल्याङ्कन समितिबाट विस्तृत मूल्याङ्कन भै तपसिलमा उल्लेखित बोलपत्रदाता मूल्याङ्कनमा सफल भएकोले सार्वजनिक खरिद ऐनको दफा २७ को उपदफा २ बमोजिम सम्बन्धित सबैको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

तपसिल

क्र. स.	ठेक्का नं.	योजनाको नाम	सफल बोलपत्रदाताको नाम र ठेगाना	कबोल अंक	कैफियत
१	PAROHA/RAUT/ BISHES/ G/3/082/083	Supply and installation of School Furniture & Educational Materials for Paroha Municipality's Schools	Sabal Enterprises Kamalamai -6 Sindhuli	रु.९९५६३९०/-	सम्बन्धित सबैको जानकारीका लागि
२	PAROHA/RAUT/ SAm/W/NCB-02/082/083	Construction of School Building of Ma. Vi. Rampurkhap, Radhakrishna Pra. Vi. Motipur & Pokhariya Samudayik Pra,Vi.Paroha, Rautahat	MS Sree Ram-Amit JV Gaur	रु.२४१९११९३/३८	सम्बन्धित सबैको जानकारीका लागि

प्रमुख प्रशासकीय अधिकृत

गण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भुम्लिचोक, गोरखा
गण्डकी प्रदेश, नेपाल

आ.व.२०८२/८३ को लागि नदिजन्य पदार्थ ढुंगा, गिट्टी, बालुवा उत्खनन, संकलन गरि बिक्रि गर्ने कार्यको बोलपत्र आब्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२/१०/१३ गते)

गण्डकी गाउँपालिकाको आन्तरिक आम्दानी वृद्धि गर्ने उदेश्यले "स्थानीय सरकार संचालन ऐन,२०७४"को परिच्छेद-३ को दफा ११ को उपदफा २ को खण्ड (घ) को (६)र सोही ऐनको दफा ६२ क. बमोजिम आ.व.२०८२/८३का लागि यस गाउँपालिका क्षेत्र भित्रका देहाय बमोजिमका स्थानहरूबाट नदीजन्य पदार्थ ढुंगा, गिट्टी, बालुवा उत्खनन तथा संकलन शुल्क गण्डकी गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि २०७७ बमोजिम स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) मा तोकिए बमोजिमको परिमाणमा गण्डकी गाउँपालिकाको आर्थिक ऐन २०८१ ले तोके बमोजिमको दरबाट कायम हुन आएको न्यूनतम रकमबाट बढाबढ हुने गरि ठेक्का बन्दोबस्ती गर्न यो सूचना प्रकाशन गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र कानूनी प्रक्रिया पुरा गरेका ईच्छुक फर्म/कम्पनीहरुले बोलपत्र फारम दस्तुर जम्मा गरि २०८२/११/१४ गते दिनको ठिक १२:०० बजे भित्र तपशिल बमोजिमका शर्तहरुको अधिनमा रहि E–Bidding मार्फत बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

नदिजन्य पदार्थ ढुंगा, गिट्टी, बालुवा उत्खनन, संकलन आदि प्राकृतिक स्रोतको उपयोगमा लिइने करको ठेक्का विवरण

ठेक्कानं.	प्रारम्भिकवातावरणीय परिक्षण प्रतिवेदन (IEE) अनुसारको घाटको विवरण	उत्खनन परिमाण (घ.मि.)	न्युनतम रकम (मु.अ.कर. बाहेक)	बोलपत्र जमानत रकम (धरौटी रकम)	बोलपत्र दस्तुर
GRM/GOODS/ 07/2082/83	बुढीगण्डकी नदीका (वहाव क्षेत्र) विभिन्न घाटहरु (घौसुर खोला घाट, खानी खोला)	१११२८	२७,५१,२८६.७२/-	कबोल अंकको ५.०० % ले हुन आउने रकम कृषि बिकास बैंक ०३२५८०१४९१८३५०४३	प्रत्येक ठेक्काको रु. ३००० कृषि बिकास बैंक ०३२५८०१४९१८३५१४०
GRM/GOODS/ 08/2082/83	बुढीगण्डकी नदीका (वहाव क्षेत्र) छोटेटार घाट,	१४२५०	३५,२३,१७०.००/-		
GRM/GOODS/ 09/2082/83	बुढीगण्डकी नदीका (वहाव क्षेत्र) (कौदी घाट)	११५४३	२८,५३,८९१.३२/-		
GRM/GOODS/ 10/2082/83	बुढीगण्डकी नदीका(वहाव क्षेत्र) विभिन्न घाटहरु (चालिसेघाट, कालिकाटार घाट,)	९९३२	२४,५५,५८७.६८/-		

(नोटः विस्तृत सूचना यस कार्यालयको website: www.gandakimun.gov.npमा समेत हेर्न सकिनेछ ।)

प्रमुख प्रशासकीय अधिकृत

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः भगवतीबहाल, नक्साल, काठमाडौं, फोनः **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेलः **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादकः **मदनकुमार श्रेष्ठ** सम्पादकः **जनक नेपाल**